# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा

मधेश प्रदेश, नेपाल


# स्थानीय राजपत्र


भाग : ०२ खण्ड : ०६ संख्या : ११  मिति : २०८० ।०९ ।०१


लहान नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०९/०१ गते वसेको बैठकले देहाय बमोजिमको कार्यबिधिहरु संसोधन सहित स्वीकृत गरि लागू गर्ने निर्णय गरेकोले सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## लहान, सिरहा

**‘घ’ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५**

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०१/१५
कार्यपालिकाबाट भएको पहिलो संशोधन निर्णयः २०७५/०९/२३
कार्यपालिकाबाट भएको दोस्रो संशोधन निर्णय : २०७७/०६/३०
कार्यपालिकाबाट भएको तेस्रो संशोधन निर्णय : २०७७/०९/२२
कार्यपालिकबाट भएको चौथों संशोधन निर्णय : २०७८/०८/१६
कार्यपालिकबाट भएको पाँचौ संशोधन निर्णय : २०८०/०९/०१

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उदेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी लहान नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. **इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः**
प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी ‘‘घ’’ वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

२. **नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**
१. सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची- १ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि

यस लहान नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

२. उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल ईन्जिनीयर/सब ईन्जिनियर सहित भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ।

३. ............................................ ●

४. उपदफा (२) बमोजिमको समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम लहान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची - २ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची - ३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

● चौथों संशोधनद्धारा बुँदा २.३ हटाईएको

३. **इजाजत पत्रको अवधि र नविकरण** :

१. दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मान्य रहने छ।

२. उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अबधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित लहान नगरपालिकाबाट अनुसूची २ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजतपत्र नविकरण गर्न लहान नगरपालिकामा कागजात पेश गर्दा अनुसूची ४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक बर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ। यसरी

अनुसूची-४ बमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न  नगरपालिका बाध्य हुनेछैन ।

३. उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रक्रिया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची- २ बमोजिम थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतबाट इजाजतपत्र नविकरण गरिनेछ ।

४. कुनै व्यक्ति वा संस्थाको नाममा जारी भएको ‘‘घ’’ वर्गको निर्माण व्यवसायी इजाजतपत्र अन्य व्यक्ति वा संस्थाको नाममा नामसारी गर्न सकिनेछ । यसरी नामसारी गर्न चालु आर्थिक वर्ष सम्मको नविकरण भएको हुनुपर्ने छ । नामसारी गर्नको लागि इजाजतपत्र लिदा बखतको सम्पूर्ण कागजातका साथै एनेमा तोकिए बमोजिमका अन्य उपकरणहरु नामसारी भई जाने व्यक्ति वा संस्थाको नाममा नामसारी भएको हुन पर्नेछ । रितपूर्वक नामसारी हुने सम्पुर्ण कागज पत्र सहितको निवेदन प्राप्त भएमा नामसारी वापत नामसारी दस्तुर रु १०,०००/- (दश हजार) लिई नामसारी  गर्न सकिने छ ।

४. **इजाजत पत्रको खारेजी** :

१. देहायको अवस्थामा महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिकले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सकिनेछ ।

क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख) सार्वजिनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उदेश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पनन नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बनधित निकायबाट लेखि आएमा ।

➢ तेस्रो संशोधनद्धारा बुदाँ ३.४ थप गरिएको ।

२. उपदफा-१ बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायलाई स्पष्टिकरण पेश गर्न मनासिव माफीको मौका दिईनेछ।

३. दफा ३ को उपदफा ३ बमोविजमको म्याद भित्र नविकरण नभएको इजाजत पत्र स्वत खारेज हुनेछ।

■ *तर, आ.ब. २०७३/०७४ देखी २०७९/०८० भित्रमा नविरकण गर्न छुट भएका 'घ' वर्ग को निर्माण व्यवसायी इजाजतपत्र वाहकहरु लाई १ (एक) महिनाको म्याद दिई सुचना प्रकाशन गरी सो म्याद भित्र नविकरण गराउन चाहेमा सम्पूर्ण कागजात/ प्रमाणहरु सहित प्रति वर्ष नविकरण दस्तुर र थप दस्तुरको शत प्रतिशत डबल दस्तुर तथा सेवा शुल्क तर्फ कार्यबिधिमा रहेको व्यवस्था बमोजिमको दस्तुर लिई एक पटकका लागि नविकरण गर्न सकिने छ।*

४. उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा लहान नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिने छ।

**५. इजाजत पत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजत पत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची - २ बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपि दिनुपर्नेछ।

**६. प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जती यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**७. बचाउः**

यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धि फर्म तथा कम्पनीहरुलाई दिईएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिईएको मानिनेछ।

■ पाँचौ संशोधनद्धारा दफा ४ को उप दफा ३ मा थप गरिएको

**दरखास्त वालका फोटो**

## अनुसूची –१

## कार्यविधिको दफा २ को उपदफा (१) संग सम्बन्धित

## इजाजतपत्रको लागि दिईने दरखास्त

**विषय : इजाजतपत्र पाउ भन्ने वार**

श्री ........... म.न.पा./न.पा./गा.पा.को कार्यालय

.........................

यस......... कार्यालयको कार्यविधि ......... बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :

नामः

ठेगाना :

पोष्ट बक्स :

टेलिफोन नं. : फ्याक्स नं.: ईमेल :

२. फर्म वा कम्पनीको प्रकृति

प्रईभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेड कम्पनी

एकलौटी साझेदारी

(कोष्ठामा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीकता व्यक्तिको :

नाम थर :

ठेगाना : पोष्ट बक्स नं.:

टेलिफोन नं. : फ्याक्स नं.: ईमेल :

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं. : दर्ता मिति :

अधिकृत पूजी : जारी पूजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजत लिन चाहृको वर्ग : (घ) वर्ग

६. सामूहीकरण हुन चाहेको समूह :

७. आर्थिक श्रोतको विवरण :

| | रकम | वित्तीय संस्था बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण वाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ।

८. कामदारको विवरण :

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्नेछ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सिं. नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य** : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लिखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरेकानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको :

दस्तखतः

मिति :

**द्रष्टव्यः** यस दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची -२

### कार्यविधिको दफा २ को उपदफा (१) र दफा (३) सँग सम्बन्धित

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नविकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १. | घ वर्ग | रु. १०००।०० | रु. १०००।०० | रु. २०००।०० | रु. ५००।०० |
| २. | घ वर्ग सेवा दस्तुर | रु.४०००।०० | रु. १०००।०० | रु. १०००।०० | |
| | | रु. ५०००।०० | रु. २०००।०० | रु. ३०००।०० | |

**द्रष्टव्य** : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नु पर्नेछ।

अनुसूची - ३

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित

# ईजाजतपत्र

ईजाजतपत्र नं. .................. मिति :- .........................

..................... म.न.पा./न.पा./ गाउँपालिका

.................................कार्यपालिकाको कार्यालय

....................

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० ......... को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ....... स्थिति कार्यालय भएको ......... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको,-
दरखास्त :-
नाम :-
पद : -
मिति :-
कार्यालय : -

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

नविकरण :

| नविकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नविकरण बाहल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -४

### निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनीक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय : | क) Variation पछिको Contract Amount | ख) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ............. | ............... | | ........... | .......... | | |
| | | | | | ख) सम्झौता मिति : | ख) पद : | क) नामः | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति : | ख) सम्पन्न मितिः | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ............... | ............. | .............. | ............ | .......... | ........... | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद : | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम : | घ) नाम : | |
| | | | | | | ............. | ............ | ............ | .......... | .......... | |
| | | | | | | | घ) निर्णय मितिः | घ) छाप | पद : | पद : | |
| | | | | | | | | | .......... | .......... | |
| | | | | | | | छाप | ............. | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ............... | | .......... | ........ | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | | ........... | ........... | |

## अनुसुची - ५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पुँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तिर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र / अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तिर्ण एक जाना जनशक्तिको सेवा पूरा समय प्राप्त हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर (एक / एक थान )

(ख) मिक्सर (एक थान)

(ग) Theodolite / Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्यः**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाईने छैन् ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले,
राजु प्रसाद साह
प्रमुख प्रशासकिय अधिकृत